**नेपालगञ्ज उपमहानगरपालिका, नगरकार्यपालिकाको मिति २०७५ फागुन ६ गतेको निर्णयहरु :**

**निर्णय न.१ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(१) बमोजिम यस नेपालमगञ्ज उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को नगरसभा (चौथो) २०७५ चैत्र ३ गते गर्ने निर्णय गरियो ।

**निर्णय न.२ :**नेपालगञ्ज उपमहानगरपालिका वडा न.२१ मा अवस्थित काञ्जिहाउस र सो वरपरका सार्वजनिक जग्गामा काञ्जिहाउस पुनर्निमाण तथा व्यवस्थापनका लागि लागत ईष्टिमेट तयार गरी ठेक्का बन्दोवस्त प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न.३ :** जिल्ला प्रशासन कार्यालय बाँकेको मिति २०७५ फागुन १ गतेको च.न.४८८१ को पत्र बमोजिम नेपालगञ्ज उपमनपा वडा न.१८ कारकादो स्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय नेपालगञ्जको पश्चिम दक्षिण्या कुनामा रहेको तुलसीमाया लामाको घर खाली गर्ने सम्वन्धमा प्रमुख जिल्ला अधिकारी श्री मदन भुजेल र तुलसीमाया लामाविच मिति २०७५ फागुन १ गते भएको सम्झौता बमोजिम रु.५,००,०००। (अक्षरुपी रु.पाँच लाख मात्र ।) सोधभर्ना हुने गरी सापटीस्वरुप पेश्कि उपलब्ध गराईदिनुहुन भनि अनुरोध भई आएकोले सोही बमोजिम यस कार्यालयबाट रु.५,००,०००। (अक्षरुपी रु.पाँच लाख मात्र ।) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न.४:** यस नेपालगञ्ज उपमहानगरपालिकाको नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु बाहेक संघ र प्रदेशबाट प्राप्त हुने बजेट तथा कार्यक्रमहरु यस उपमहानरपालिका भित्र कार्यान्वयन हुने योजनाहरु यस उपमहानगरपालिकाको समन्वयमा पूर्व स्वीकृति लिएर मात्र कार्यान्वयन गराउने निर्णय गरियो ।

**निर्णय न.५** :नेपालगञ्ज उपमहानगरपालिका वडा न.४ मा निर्माणाधिन आधुनिक बसपार्कको समुद्घाटन सम्माननीय प्रधानमन्त्री श्री खड्ग प्रसाद शर्मा ओली ज्यूबाट गराउने र सम्माननीय प्रधानमन्त्री उपस्थित हुन नसकेमा यस नेपालगञ्ज उपमहानगरपालिकाका नगरप्रमुख डा.धवल शम्शेर राणा ज्यूबाट समुद्घाटन गराउने निर्णय गरियो ।

**निर्णय न. ६ :** यस नेपालगञ्ज उपमहानगरपालिकाबाट निर्माण हुने नगरस्तरीय सार्वजनिक महत्वका योजनाहरु निर्माण सम्पन्न भएपश्चात नगरकार्यपालिकाका सवै पदाधिकारीहरुको नामावली उल्लेखित शिलालेख राख्ने निर्णय गरियो ।

**निर्णय न. ७ :** नेपालगञ्ज उपमहानगरपालिका वडा न.१४ भवानियापुरस्थित भल्लु कोरीको घरदेखि पिचरोडको पुलसम्म Road Alignment गर्ने निर्णय गरियो ।

**निर्णय न.८ :** नेपालगञ्ज उपमहानगरपालिकामा हालसम्म निरन्तर कार्यरत करार, ज्यालादारीमा कार्यरत कर्मचारीहरुको २०७५ माघ १ देखि कर्मचारी समायोजन भएर नआउदासम्मका लागि

मात्र हुनेगरी २०७६ असारमसान्तसम्म स्वीकृत बजेटको परिधिभित्र रही साविकको सेवा, शर्त बमोजिम नै हुनेगरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय न.९ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा भएको व्यवस्था वमोजिम नेपालगञ्ज उपमहानगरपालिकाबाट आर्थिक वर्ष २०७५/७६ का लागि स्वीकृत न्यूनतम दररेटमा २०७५ फागुनदेखि ईट्टाको दरको बजार मूल्य साविकको भन्दा बढ्न गएकोले सो सम्वन्धमा इट्टाको नयाँ दररेट निर्धारण गरी सोही वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय न.१० :** २०७५ फागुन ७ गते ६९ औं प्रजातन्त्र दिवश मनाउने सन्दर्भमा जनप्रतिनिधी तथा सम्पूर्ण कर्मचारीहरु विहान ८ बजे कार्यालय परिसरमा भेला भई प्रजातन्त्र दिवश भव्यताका साथ मनाउने निर्णय गरियो ।

**निर्णय न.११ :** नेपालगञ्ज उपमहानगरपालिलका, नगरकार्यपालिकाको मिति २०७५ माघ २७ गते को निर्णय न. २ मा "*नेपाल सरकार शहरी विकास मन्त्रालय एकीकृत शहरी विकास आयोजना,कार्यान्वयन इकाई नेपालगंज बाँके अन्तर्गत रहेको सामुदायिक विकास कार्यक्रम Community Development Program (CDP), नेपालगंज उपमहानगरपालिका भित्ररहेका विभिन्न टोल वस्तिहरुमाव्यक्तिगत शौचालय, (पि.सि.सि) साना सडक तथा नाली निर्माण, सरसफाई तथा फोहरमैला व्यवस्थापन (3R-Reduce, Reuse, Recycle) सम्बन्धि जनचेतना को कार्य विभिन्न टोल वस्तिहरु,Intergrated Rural Development Center, Nepal Pvt Ltd( IRDC Nepal) बाटसंचालन रहेका मा 31thDecember, 2018 सम्म म्याद रहेकोमा सो अवधी भित्र फोहरमैला व्यवस्थापन सम्बन्धि जनचेतना कार्यक्रमको कार्य सन्चालनमा रहेकोले सो को पुर्णता तथा कार्यान्वयनको लागी नेपालगंज उपमहानगरपालिका मा रहेको १ देखि २३ वार्डहरुका २९६ टोलवस्तीहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धी गर्न अती आवश्यक देखिएको र साथै साना पुर्वाधार (पि.सि.सि सडक १०.२३ कि.मि.) १०६ वटा व्यक्तिगत शौचालयको निर्माण कार्य सम्पन्न गर्न बाँकी रहेकोले सो कार्य सम्पन्न गर्न हाल यस आयोजना अर्न्तगत रहेको NGO को 1st January 2019 देखि 15th July 2019 सम्म म्याद थप गर्नका साथै ३५ प्रतिशत सम्मको VO गर्न PIU लाई निर्देशन गर्ने निर्णय गरीयो ।*" भनि गरिएको निर्णय अस्विकृत गर्ने निर्णय गरियो ।